नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२।०८३

चलानी नं.: २८८

मितिः २०८२।११।१४

**विषयः स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८२ संशोधन सम्बन्धमा ।**

श्री गाउँपालिका (सबै),
श्री नगरपालिका (सबै),
श्री जिल्ला समन्वय समिति (सबै),
श्री विषयगत मन्त्रालय (सबै),
श्री सरोकारवाला (सबै)।

मिति २०८२।०३।१३ को निर्णयबाट स्वीकृत (माननीय मन्त्रीस्तर) स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८२ का केही विषयहरू उपर मिति २०८२।११।१३ को माननीय मन्त्रीस्तरको निर्णय बमोजिम देहाय अनुसार संशोधन, परिमार्जन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

११/१४

(दीपेश कट्टेल)
शाखा अधिकृत

**श्री सूचना प्रविधि शाखाः** सबै गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समितिमा ईमेलमार्फत पत्र प्रेषित गरी वेबसाइटमा समेत अपलोड गरिदिनुहुन।

देहायः

कार्यविधिका प्रावधानमा संशोधनको तिन महले

| क्र. सं. | साविकको व्यवस्था | हाल कायम गरिएको व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| १. | कार्यविधिको दफा ६ को उपदफा १ को (क): **''सम्बन्धित विषयगत शाखाले आफ्नो जिम्मेवारीमा पर्ने सूचकको प्रगतिसँग सम्बन्धित तथ्य, तथ्याङ्क र प्रमाणको अद्यावधिक अभिलेख राख्ने र हरेक सूचकसँग सम्बन्धित कार्य सम्पन्न भएको बढीमा तीस दिन भित्र सो बापतको अङ्क र पुष्ट्याईंका आधार तथा प्रमाण सहितको विवरण प्रणालीमा प्रविष्टि गर्ने''** | देहाय बमोजिम गर्नेः **''कार्य सम्पन्न भएको बढीमा तीस दिनभित्र''** शब्द पछाडिको **''सो बापतको अङ्क र''** झिक्ने । | अङ्कको गणना र निर्धारण प्रणालीले स्वतः गर्ने हुँदा प्रविष्टि गर्नु नपर्ने भएकोले। |
| २. | **कार्यविधिको दफा ११ को उपदफा (४):** **''उपदफा (३) बमोजिम कायम भएको अन्तिम प्राप्ताङ्क स्वःमूल्याङ्कनको प्राप्ताङ्कमाको तुलनामा घटि वा बढी हुने भएमा सोको आधार र कारण उल्लेख गर्नुपर्नेछ।''** | **देहायको वाक्यांश थप्नेः** **''तर, कुनै उपसूचक वा सोको कुनै खण्डमा सुरुमा गलत पुष्ट्याइँका आधार प्रविष्टि गरी अङ्क दाबी गरिएकोमा गुणस्तर परीक्षणपछि मन्त्रालयले दफा ६ को देहाय (ञ) बमोजिम सुधारका लागि पठाउँदा गाउँपालिका/नगरपालिकाले पुष्टाइँका सही आधार प्रविष्टि गरी अङ्क दाबी गरेमा सम्बन्धित उपसूचकको सम्बन्धित खण्डमा कायम हुने पूर्णाङ्कमा बीस प्रतिशत अङ्क घटाई अन्तिम प्राप्ताङ्क कायम गरिनेछ ।''** | सुरुमा हेलचेक्र्याइँ गरी गलत कागजात अपलोड गरेर अङ्क दाबी गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने भएकोले। |
| ३. | **कार्यविधीको दफा २२.** **अनिवार्य पूरा गर्नुपर्नेः ''यस कार्यविधि बमोजिम मूल्याङ्कन वर्षको नमूना गाउँपालिका/नगरपालिका, कदरपत्र तथा पुरस्कार र अनुदान प्राप्तिका लागि योग्य हुन गाउँपालिका/नगरपालिकाले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम असार १० गते भित्र सभामा पेश गरी असार मसान्त भित्र पारित गरेको र मूल्याङ्कन वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरीक्षण गराएको हुनुपर्नेछ ।''** | देहाय बमोजिम गर्नेः **''मूल्याङ्कन वर्षको नमूना गाउँपालिका/नगरपालिका''** शब्द पछाडि **''घोषणा हुन''** थप्ने । | मूल्याङ्कन वर्षको नमूना गाउँपालिका/नगरपालिका घोषणा गर्ने कार्यलाई स्पष्ट बनाउन आवश्यक भएकोले |
| ४. | | दफा २२ पछि देहाय बमोजिमको दफा २३ थप गर्नेः **"२३. वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्नेः** (१) प्रत्येक गाउँपालिका/नगरपालिकाले अघिल्लो आर्थिक वर्षको वार्षिक प्रगति प्रतिवेदन श्रावण महिनाभित्र कार्यपालिकाबाट स्वीकृत गराई वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्नेछ। (२) यस कार्यविधि बमोजिम कुनै उपसूचक वा सोको कुनै खण्डको मूल्याङ्कन वर्षको कार्यसम्पादनको प्रगति र सोको पुष्ट्याइँको आधार प्रणालीमा प्रविष्टि गर्दा उपदफा (१) बमोजिमको प्रतिवेदनमा उल्लेख भएकोमा सोही प्रतिवेदनबाट प्रविष्टि गर्नुपर्नेछ । | प्रणालीमा प्रविष्टि गर्नुपर्ने प्रगति विवरण र पुष्ट्याइँका आधारको आधिकारिकता सुनिश्चित गर्न र गुणस्तर परीक्षणका लागि आधार तय गर्न। |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

**कार्यविधिको अनुसूचीमा संशोधनको तिन महले**

| क्र. सं. | साविकको व्यवस्था | हाल कायम गरिएको व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| १. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको योजना तथा बजेट व्यवस्थापन उपक्षेत्रको सूचक नं. १.१.१. योजना तथा बजेट बीचको तादात्म्यताको उपसूचक (क)- **"वार्षिक बजेटमा समावेश भएका आयोजना/कार्यक्रमको स्वीकृत दीर्घकालीन र/वा विषयक्षेत्रगत योजनाले निर्धारण गरेका स्थानीय विकासका प्राथमिकताका क्षेत्र अनुसार सांकेतीकरण गरेको"** | देहाय बमोजिम गर्ने: "वार्षिक बजेटमा समावेश भएका आयोजना/कार्यक्रमको स्वीकृत दीर्घकालीन" शब्दपछि **"र/"** झिक्ने; तथा **"विषयक्षेत्रगत योजनाले"** शब्द झिकी **"अन्य योजना वा नीतिगत दस्तावेजले"** राख्ने। | सूचकको उद्देश्यलाई थप स्पष्ट पार्न आवश्यक भएकोले |
| २. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको योजना तथा बजेट उपक्षेत्रको सूचक नं. १.१.१. योजना तथा बजेटबीचको तादात्म्यताको उपसूचक (ख)- **"आयोजना छनौटको स्वीकृत मापदण्ड बमोजिम छनौट र प्राथमिकीकरण गरेका आयोजना/कार्यक्रममा मात्र बजेट विनियोजन गरेको"** | देहाय बमोजिम गर्ने: "आयोजना छनौटको स्वीकृत मापदण्ड बमोजिम छनौट र प्राथमिकीकरण गरेका" शब्दपछि **"पूँजिगत"** शब्द राख्ने। | स्थानीय तहको योजना तथा बजेटलाई पूँजिगत कार्यक्रममा केन्द्रीत गर्न आवश्यक भएकोले |
| ३. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको योजना तथा बजेट व्यवस्थापन उपक्षेत्रको सूचक नं. १.१.२. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको उपसूचक (ख)- **"सरोकारवालाको सहभागितामा बस्तीस्तरीय भेलाबाट प्राथमिकताक्रम सहित आयोजना/कार्यक्रमको माग संकलन भएको (स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८)"** | देहाय बमोजिम गर्ने: "सरोकारवालाको सहभागितामा बस्तीस्तरीय भेलाबाट प्राथमिकताक्रम सहित आयोजना/कार्यक्रमको माग संकलन भएको" पछाडिको **"(स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८)"** झिक्ने। | स्थानीय तहमा आयोजना/कार्यक्रमको माग संकलन गरी योजना तर्जुमा गर्ने प्रक्रियामा अन्य कानून समेत आकर्षण हुने देखिएकोले तत् कानून उल्लेख गरिरहन आवश्यक नपर्ने भएकोले |
| ४. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको योजना तथा बजेट व्यवस्थापन उपक्षेत्रको सूचक नं. १.१.४. राजस्व र व्यय (वार्षिक बजेट) को स्वीकृतिको उपसूचक (क) को संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार **"आगामी आ. व. को राजस्व र व्यय (बजेट) असार १० गते भित्र सभामा पेस भएको निर्णयको प्रति"** | देहाय बमोजिम गर्ने: "आगामी आ. व. को राजस्व र व्ययको अनुमान (बजेट) असार १० गते भित्र सभामा पेस भएको" शब्दपछि **"व्यहोरा खुल्ने अध्यक्ष/प्रमुखले प्रमाणित गरेको"** थप्ने। | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार थप स्पष्ट बनाउनुपर्ने भएकोले |
| ५. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको योजना तथा बजेट व्यवस्थापन उपक्षेत्रको सूचक नं. १.१.५. बजेट विनियोजन दक्षताको उपसूचक (क) को संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार: **"अबण्डा नराखी बजेट बाँडफाँट गरिएको व्यहोरा खुल्ने लिखत"** | देहाय बमोजिम गर्ने: "अबण्डा नराखी बजेट बाँडफाँट गरिएको" शब्दपछि **"भनी अध्यक्ष/प्रमुखबाट प्रमाणित व्यहोराको प्रति"** राख्ने। | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार थप स्पष्ट बनाउनुपर्ने भएकोले |
| ६. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको योजना तथा बजेट व्यवस्थापन उपक्षेत्रको सूचक नं. १.१.५. बजेट विनियोजन दक्षताको उपसूचक (ख) को संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार: **"आन्तरिक आय (समानीकरणको अ.ल्या. बाहेक) एवम् राजस्व बाँडफाँटबाट प्राप्त आयको कूल रकम र** | देहाय बमोजिम गर्ने: **"आन्तरिक आय"** शब्दपछिको कोष्ठभित्रको **"समानीकरणको"** शब्द झिक्ने। | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार थप स्पष्ट बनाउनुपर्ने भएकोले |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

| | | | |
|---|---|---|---|
| | **प्रशासनिक खर्चको लागि विनियोजित कूल बजेटको तुलनात्मक विवरण''** | | |
| ७. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको योजना तथा बजेट व्यवस्थापन उपक्षेत्रको सूचक नं. १.१.७. आयोजना कार्यान्वयनमा जनसहभागिता को उपसूचक (ख)- **''सम्पन्न आयोजनाको कार्यपालिकाको बैठकबाट फरफारक गरी सोमध्ये उपभोक्ता समिति मार्फतसम्पन्न भएका पूर्वाधार आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गरेको''** र सोको संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधारः **''क. कार्यपालिकाबाट फरफारक सम्बन्धमा भएको निर्णय र आयोजनाको विवरण** | उपसूचकमा देहाय बमोजिम राख्नेः **''सम्पन्न आयोजनाको'' भन्ने शब्दपछि "अनुगमन प्रतिवेदन" थप गर्ने र "कार्यपालिकाको बैठकबाट" भन्ने शब्दपछि "फरफारक" भन्ने शब्दको सट्टा "अनुमोदन" भन्ने शब्द राख्ने।**<br><br>संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधारको हकमा देहाय बमोजिम राख्नेः **''क. अनुगमन प्रतिवेदन कार्यपालिकाबाट अनुमोदन भएको निर्णयको प्रति''** | सूचक र संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार थप स्पष्ट बनाउनुपर्ने भएकोले |
| ८. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको शासकीय प्रबन्ध उपक्षेत्रको सूचक नं. १.३.४. संस्थागत क्षमता विकासको उपसूचक (क)- **''यस कार्यविधि बमोजिमको स्थानीय तहको कार्यसम्पादन स्वःमूल्याङ्कन सहजीकरण समितिको नियमित बैठक बसी तोकेका कार्य सम्पादन गरेको''** | देहाय बमोजिम गर्नेः **''यस कार्यविधि बमोजिमको स्थानीय तहको''** शब्दपछिका **''कार्यसम्पादन स्वःमूल्याङ्कन सहजीकरण''** शब्द झिकी **''स्वःमूल्याङ्कन समन्वय''** राख्ने। | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८२ को दफा १४ बमोजिमको समितिको नामसँग तादात्म्यता कायम गर्नुपर्ने भएकोले |
| ९. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको शासकीय प्रबन्ध उपक्षेत्रको सूचक नं. १.३.६. कर्मचारीको क्षमता अभिवृद्धि तथा वृत्ति विकासको उपसूचक (ख) को संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधारः **''सेवा निवृत्त सुविधाको लागि छुट्टै कोषको व्यवस्था गरेको वा तोकिएको अन्य कोषमा रकम जम्मा गरेको खुल्ने नीतिगत निर्णय वा अन्य प्रमाण''** | देहाय बमोजिम राख्नेः **''सेवा निवृत्त सुविधाको लागि छुट्टै कोषमा जम्मा भएको वा अन्य कोषको योजनामा आवद्ध भई गरेको योगदान बापतको जम्मा भएको रकम खुल्ने विवरण''** | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार थप स्पष्ट बनाउनुपर्ने भएकोले |
| १०. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको शासकीय प्रबन्ध उपक्षेत्रको सूचक नं. १.३.७. विद्युतिय सुशासनको उपसूचक (क) को संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधारः **''विद्युतीय माध्यमवाट प्रवाह भएका सेवा र कार्यसम्पादनमा प्रयोग गरिएका प्रणालीहरुको पुष्टि हुने प्रमाण सहितको विवरण (जस्तैः अनलाइन भुक्तानी, फोन पे, अनलाइन निवेदन/फाराम दर्ता, गाउँपालिका/नगरपालिको एप सञ्चालन, अनलाइन सिफारिस, अफिस अटोमेशन प्रणाली कार्यान्वयन, विद्युतीय अभिलेख प्रणालीको प्रयोग आदि)''** | देहाय बमोजिम गर्नेः **''फोन पे''** झिक्ने। | निश्चित पद्धति वा प्रणाली वा कम्पनीलाई उल्लेख गरिरहन आवश्यक नदेखिएको एवं अन्य व्यवस्थाले पुष्ट्याईका आधार पुरा गर्ने भएकोले |
| ११. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको शासकीय प्रबन्ध उपक्षेत्रको सूचक नं. १.३.८. सार्वजनिक सम्पत्ती व्यवस्थापनको उपसूचक (क) को संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधारः **''सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को लिङ्क र सोबाट सिर्जित वार्षिक प्रतिवेदन''** | **देहाय बमोजिम गर्नेः ''सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS)''** शब्दपछि **''को लिङ्क र सो''** शब्द हटाउने। | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार थप स्पष्ट बनाउनुपर्ने भएकोले |
| १२. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको सार्वजनिक सेवा प्रवाह उपक्षेत्रको सूचक नं. | देहाय बमोजिम गर्नेः **''कार्यालयबाट प्रदान गरिने विषयक्षेत्रगत सेवाहरुको सेवा प्रवाह प्रक्रियाको कम्तिमा ५** | उपसूचकको उद्देश्यलाई थप स्पष्ट गर्न आवश्यक भएकोले |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

| | | | |
|---|---|---|---|
| | १.४.२. सार्वजनिक सेवाको मापदण्डको उपसूचक (क)- **"कार्यालयबाट प्रदान गरिने विषयक्षेत्रगत सेवाहरुको सेवा प्रवाह प्रक्रियाको कम्तिमा ५ वटा विषयक्षेत्रको मापदण्ड (SOP) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको"** | **वटा विषयक्षेत्रको"** शब्दपछि **"कार्यविधिगत"** थप्ने। | |
| १३. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको सार्वजनिक वित्त व्यवस्थापन उपक्षेत्रको सूचक नं. १.५.२. राजस्व संकलनको उपसूचक (ख)- **"अघिल्लो आ.व. को तुलनामा मूल्याङ्कन गरिएको आ.व. मा वृद्धि भएको राजस्वको प्रतिशत (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८) (१० प्रतिशत वृद्धिलाई पूर्णाङ्क प्रदान गरिने)"** | देहाय बमोजिम गर्ने: **"अघिल्लो आ.व. को तुलनामा मूल्याङ्कन गरिएको आ.व. मा वृद्धि भएको राजस्वको प्रतिशत"** शब्दपछिको **"(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८)"** हटाउने। | उपसूचकमा उल्लेख भएको कानूनको नाम उल्लेख गरिरहन आवश्यक नपर्ने भएकोले |
| १४. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको सार्वजनिक वित्त व्यवस्थापन उपक्षेत्रको सूचक नं. १.५.३. राजस्व दाखिला र बाँडफाँटको उपसूचक (क) को संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधारः **"हरेक त्रैमासिक अवधिको पहिलो महिनाको राजस्व संकलन र बैंक दाखिलाको विवरण"** | देहाय बमोजिम राख्ने: **"सङ्कलन भएको राजस्व सोही दिन वा सम्भव नभए सोको भोलीपल्ट बैक दाखिला गरेको प्रमाण"** | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार थप स्पष्ट बनाउनुपर्ने भएकोले |
| १५. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको सार्वजनिक वित्त व्यवस्थापन उपक्षेत्रको सूचक नं. १.५.५. आन्तरिक नियन्त्रण प्रणालीको उपसूचक (क) को संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधारः **"स्वीकृत आन्तरिक नियन्त्रण कार्यविधिको प्रति"** | देहाय बमोजिम गर्ने: **"स्वीकृत आन्तरिक नियन्त्रण कार्यविधि"** शब्दपछि **"र कार्यान्वयन प्रतिवेदन"** थप्ने। | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार थप स्पष्ट बनाउनुपर्ने भएकोले |
| १६. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको सार्वजनिक वित्त व्यवस्थापन उपक्षेत्रको सूचक नं. १.५.९. अन्तिम लेखापरीक्षणको संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधारः **"क. अन्तिम लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा कार्यपालिकामा भएको छलफल र निर्णयको छायाँ प्रति<br>ख. अन्तिम लेखा परीक्षणको प्रतिवेदन"** | देहाय बमोजिम राख्ने: **"संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधारको बुँदा क. हटाइ बुँदा ख. सँग आनुषङ्गिकता मिलाउने"** | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार थप स्पष्ट बनाउनुपर्ने भएकोले |
| १७. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको सार्वजनिक वित्त व्यवस्थापन उपक्षेत्रको सूचक नं. १.५.१०. बेरुजु फर्छ्यौटको उपसूचक (क) को संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधारः **"असुल उपर गर्नुपर्ने बेरुजु नभएको प्रमाण खुल्ने अन्तिम लेखापरीक्षण प्रतिवेदनको पानाको छायाँप्रति"** | देहाय बमोजिम राख्ने: **"असुलउपर गर्नुपर्ने बेरुजु भएमा असुलउपर गरी त्यस्तो बेरुजु नभएको प्रमाण खुल्ने कागजात"** | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार थप स्पष्ट बनाउनुपर्ने भएकोले |
| १८. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको सार्वजनिक वित्त व्यवस्थापन उपक्षेत्रको सूचक नं. १.५.११. अनुदान व्यवस्थापनको उपसूचक (क) को संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधारः **"सम्बन्धित निकायमा पेश गरेको त्रैमासिक र वार्षिक प्रगति विवरणको प्रति"** | देहाय बमोजिम राख्ने: **"सङ्घ र प्रदेशबाट प्राप्त भएको समपुरक, विशेष र ससर्त अनुदानको वार्षिक प्रगति सम्बन्धित निकायमा पेस गरेको खुल्ने विवरण"** | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार थप स्पष्ट बनाउनुपर्ने भएकोले |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| १९. | अनुसूची १ को सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतको समन्वय र सहकार्य उपक्षेत्रको सूचक नं. १.६.२. अन्तरतह समन्वयको उपसूचक (ख)-<br><br>"ख. विषयगत क्षेत्रका पोर्टलमा विवरण अद्यावधिक भएको (N-WASH, IHMIS, EMIS, र किसान सूचीकरण व्यवस्थापन प्रणाली)" | देहाय बमोजिम राख्ने:<br>"ख. विषयगत क्षेत्रका पोर्टलको प्रयोग र विवरण अद्यावधिक भएको (N-WASH, IHMIS, EMIS, किसान सूचीकरण व्यवस्थापन प्रणाली र सिकाइ चौतारी डिजिटल लर्निङ पोर्टल)" | शिक्षाको गुणस्तरीयता अभिवृद्धि गरी थप व्यवहारिक बनाउन सिकाइ चौतारी डिजिटल लर्निङ पोर्टलको उपयोग बढाउन आवश्यक भएकोले |
| २०. | अनुसूची १ को सामाजिक विकास क्षेत्र अन्तर्गतको आधारभूत स्वास्थ्य उपक्षेत्रको सूचक नं. २.३.३. मातृ तथा किशोरी स्वास्थ्यको उपसुचक (क) को<br>संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार:<br>**"क. स्वास्थ्य संस्थामा सुत्केरी गराएका महिलाको प्रतिशत खुल्ने एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (IHIMS) प्रतिवेदनको पानाको छायाँप्रति**<br><br>**ख. कुल जन्म दर्ताको तुलनामा स्वास्थ्य संस्थामा सुत्केरी गराएका महिलाको प्रतिशत खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति"** | देहाय बमोजिम गर्ने:<br>**संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधारको बुँदा (ख) हटाउने।** | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार थप स्पष्ट बनाउनुपर्ने भएकोले |
| २१. | अनुसूची १ को सामाजिक विकास क्षेत्र अन्तर्गतको आधारभूत स्वास्थ्य उपक्षेत्रको सूचक नं. २.३.५. पोषण सेवाको उपसुचक (क)-<br>**"गाउँपालिका/नगरपालिका भित्र अति शीघ्र कुपोषण (Severe Acute Malnutrition: SAM) र मध्यम शीघ्र कुपोषण (Moderate Acute Malnutrition: MAM) भई OTC/ITC/NRC मा भर्ना भएकामध्ये निको हुने बालबालिकाको प्रतिशत"**<br>र संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार:<br>"क. OTC/ITC/NRC मा भर्ना भएका मध्ये निको हुने बालबालिकाको प्रतिशत खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति" | **देहाय बमोजिम राख्ने:**<br>**"गाउँपालिका/नगरपालिका भित्र कडा शीघ्र कुपोषण (Severe Acute Malnutrition: SAM) भई Out Patient Therapeutic Care Center (OTCC)/Nutrition Rehabilitation Center (NRC) मा भर्ना भएका मध्ये निको हुने र मध्यम शीघ्र कुपोषण (Moderate Acute Malnutrition: MAM) भएका मध्ये परामर्श सेवा प्राप्त गरी निको हुने बालबालिकाको प्रतिशत।**<br>र संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार:<br>**"क. कडा शीघ्र कुपोषण भई OTC/NRC मा भर्ना भएकामध्ये निको हुने बालबालिकाको प्रतिशत**<br>**ख. मध्यम शीघ्र कुपोषण भई परामर्श सेवा प्राप्त गरेका बालबालिकाको प्रतिशत"** | उपसूचक एवं संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार थप स्पष्ट बनाउनुपर्ने भएकोले |
| २२. | अनुसूची १ को आर्थिक विकास क्षेत्र अन्तर्गतको कृषि, पशु तथा सहकारी उपक्षेत्रको सूचक नं. ३.१.५. रैथाने प्रजाति प्रवर्द्धनको उपसुचक (क)-<br>**"रैथाने बीउ/बालीको संरक्षण तथा प्रवर्द्धन गरेको"**<br>र संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार:<br>**"रैथाने बीउ/बालीको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम र सोको प्रगति देखिने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँ प्रति"** | देहायबमोजिम गर्ने:<br>**"रैथाने बीउ/बाली"** शब्दपछि **"एवं प्रजातिको"** शब्द थप्ने।<br>र संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार:<br>**"रैथाने बीउ/बाली"** शब्दपछि **"एवं प्रजातिको"** शब्द थप्ने। | पशुपन्छीका रैथाने प्रजातिको समेत संरक्षण गर्न आवश्यक हुने भएकोले |
| २३. | अनुसूची १ को आर्थिक विकास क्षेत्र अन्तर्गतको कृषि, पशु तथा सहकारी उपक्षेत्रको सूचक नं. ३.१.७. कृषि तथा पशुजन्य रोग नियन्त्रणको उपसुचक (ख)<br>**"पशुजन्य महामारी नियन्त्रणका लागि तोकिएका खोप लगायत आवश्यक उपचारको प्रबन्ध भएको"** | देहायबमोजिम गर्ने:<br>**"पशुजन्य"** शब्दको सट्टामा **"पशुमा लाग्ने रोग/"** थप्ने।<br><br>र संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार: | उपसूचक एवं संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार थप स्पष्ट बनाउनुपर्ने भएकोले |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | र संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधारः **"महामारी नियन्त्रणका लागि खोप तथा उपचार सेवा उपलब्ध गराएको विवरण"** | महामारी शब्द अगाडि **"पशुमा लाग्ने रोग/"** थप्ने। | |
| २४. | अनुसूची १ को आर्थिक विकास क्षेत्र अन्तर्गतको उद्यमशीलता र रोजगारी उपक्षेत्रको सूचक नं. ३.४.५. स्थानीय उत्पादनको बजारीकरणको उपसुचक (ख)- **"स्थानीय उत्पादकलाई बजार आपूर्ति प्रणाली (Market supply chain) सँग आवद्ध गरी बजारमाथिको पहुँच (Market access) कायम गरिएको"** | देहाय बमोजिम राख्ने: **"स्थानीय उत्पादनलाई बजार आपूर्ति" शब्दपछि "प्रणाली" शब्दको सट्टा "श्रृङ्खला" शब्द राख्ने** । | उपसूचकलाई थप स्पष्ट बनाउनुपर्ने भएकोले |
| २५. | अनुसूची १ को पूर्वाधार विकास क्षेत्र अन्तर्गतको भवन तथा अन्य सामाजिक पूर्वाधार उपक्षेत्रको सूचक नं. ४.२.१. भवन निर्माण मापदण्डको उपसुचक (ख) को संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधारः **"मूल्याङ्कन वर्षमा निर्मित भवनहरुमध्ये भवन संहिता पालना गर्ने भवनहरुको संख्या खुल्ने विवरण"** | देहाय बमोजिम गर्ने: **"मूल्याङ्कन वर्षमा निर्मित भवनहरुमध्ये"** शब्दपछि **"निर्माण र सम्पन्नता सम्मका हरेक चरणमा"** थप्ने; तथा **"भवन संहिता पालना"** शब्दपछि **"गर्ने"** शब्दको सट्टामा **"गरेका"** राख्ने। | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार थप स्पष्ट बनाउनुपर्ने भएकोले |
| २६. | अनुसूची १ को पूर्वाधार विकास क्षेत्र अन्तर्गतको भवन तथा अन्य सामाजिक पूर्वाधार उपक्षेत्रको सूचक नं. ४.२.४. उर्जा तथा सूचना प्रविधी पूर्वाधारको उपसुचक (ख) को संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधारः **"क. कूल निकाय मध्ये विद्युतीय हाजिरी कार्यान्वयनमा ल्याएका निकायको विवरण ख. मूल्याङ्कन वर्षको अन्तिम महिनाको विद्युतीय हाजिरीको एकिकृत प्रतिवेदन"** | देहाय बमोजिम राख्ने: संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधारः **"ख. मूल्याङ्कन वर्षको अन्तिम महिनाको कार्यपालिकाको कार्यालयको विद्युतीय हाजिरीको प्रणालीबाट सिर्जित प्रतिवेदनको सारांश"** | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार थप स्पष्ट बनाउनुपर्ने भएकोले |
| २७. | अनुसूची १ को वन तथा वातावरणक्षेत्र अन्तर्गतको वातावरण संरक्षण उपक्षेत्रको सूचक नं. ५.१.४. जलवायु अनुकूलनको उपसूचक (क) को संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधारः **"गाउँपालिका/नगरपालिकाको स्वीकृत स्थानीय अनुकुलन कार्ययोजनाको प्रति कूल निकाय मध्ये विद्युतीय हाजिरी कार्यान्वयनमा ल्याएका निकायको विवरण"** | देहाय बमोजिम गर्ने: **"गाउँपालिका/नगरपालिकाको स्वीकृत स्थानीय"** शब्दपछिको **"अनुकूलन"** शब्द हटाई **"विपद् तथा जलवायु उत्थानशील"** शब्द राख्ने। | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार थप स्पष्ट बनाउनुपर्ने भएकोले |
| २८. | | अनुसूची १ को हरेक उपसूचकलाई जनाउने क. र ख. लाई संख्यात्मक रुपमा जनाउन मिल्ने गरी उपसूचक क. लाई १ र उपसूचक ख. लाई २ ले जनाउने गरी आनुषङ्गिक मिलाउने। | उपसूचकलाई अक्षर भन्दा अङ्कबाट जनाउँदा थप स्पष्ट हुने भएकोले |